महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ सङ्ख्या: २ मिति: २०७४।१२।१०

## भाग –२

महाभारत गाउँपालिका

## महाभारत गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि -२०७४

**प्रस्तावना :**

योजना, आयोजना तथा कार्यक्रमको फितलो कार्यान्वयनका कारण समग्र मुलुकको विकासले आशातीत उपलब्धी हासिल गर्न नसकेको राष्ट्रव्यापी गुनासो बढिरहेको बर्तमान अवस्थामा यस महाभारत गाउँपालिकाद्वारा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट पारदर्शी दिगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजा मुखी बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाभारत गाउँ कार्यपालिकाको मिति २०७४।१०।०७ को बैठकले यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम महाभारत गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यविधि भन्नाले महाभारत गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) गाउँपालिका भन्नाले महाभारत गाउँपालिकाको कार्यालय, देविटारलाई सम्झनु पर्दछ ।

(ग) अनुगमन भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/ छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी गाउँ कार्यपालिका, वडा समिति वा गाउँ कार्यपालिकाद्दारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्दारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्दछ ।

(घ) अनुगमन मूल्याङ्कन समिति भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्याङ्कन समिति समेतलाई जनाउँछ ।

## परिच्छेद -२
## अनुगमन तथा मूल्याङ्कन समिति

३. **अनुगमन तथा मूल्याङ्कन समिति** : (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामूखी बनाउन गाउँपालिका स्तरमा गाउँपालिकाको उपाध्यक्ष संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष : संयोजक

(ख) वडा अभ्यक्ष (३ जना) : सदस्य

(ग) प्राविधिक शाखाको प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य

तर, उक्त समितिका सदस्यका अतिरिक्त गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारीलाई अनुगमन तथा मूल्याङ्कनमा जान बाधा पुगेको मानिने छैन ।

(२) वडामा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी ढङ्ले सञ्चालन तथा कार्यान्वयन गर्न वडा

अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य : संयोजक

(ख) वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य : सदस्य (यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।)

(ग) वडा सचिव : सदस्य

**४. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनका क्रममा उत्पन्न भएका विवादहरु उचित ढङ्गले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन गाउँ कार्यपालिकाको बैठक समक्ष पेस गर्ने ।

(ङ) गाउँसभा, गाउँ कार्यपालिका तगा गाउँपालिका अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

(२) दफा ३ को उपदफा (२) बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा, गाउँ कार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) योजना, आयोनजा तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढङ्गले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वडा समिति समक्ष पेस गर्ने ।

(ङ) गाउँसभा, गाउँ कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -३

## अनुगमन तथा मूल्याङ्कन सुविधा

५. **अनुगमन तथा मूल्याङ्कन सुविधा :** (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मूल्याङ्कन प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु ८००।००

(२) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु २००।००

(३) यातायात खर्च प्रतिदिन प्रतिव्यक्ति रु ३००।००

तर, यस्तो अनुगमन तथा मूल्याङ्कन सुविधा एक हप्तामा बढीमा तीन दिन सम्मको मात्र उपलब्ध हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायका दरमा अनुगमन तथा मूल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु ५००।००

(२) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु २००।००

(३) यातायात खर्च प्रतिदिन प्रतिव्यक्ति रु १००।००

तर, यस्तो अनुगमन तथा मूल्याङ्कन सुविधा एक हप्तामा बढीमा दुई दिन सम्मको मात्र उपलब्ध हुनेछ ।

(३) गाउँपालिकाको अध्यक्ष, प्रम्ख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको कर्मचारी अनुगमन तथा मूल्याङ्कनमा जाँदा उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

## परिच्छेद - ४

## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

६. **अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन** : दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिले अनुसूची १ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गर्नु पर्नेछ ।

७. प्रतिवेदन पेस गर्ने अवधी : (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन

अनुगमन तथा मूल्याङ्कन गरेको दोस्रो महिनाको पहिलो गाउँ कार्यपालिका बैठक समक्ष पेस गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन गरेको दोस्रो महिनाको पहिलो वडा समितिको बैठक समक्ष पेस गर्नेछ ।

## परिच्छेद - ५
## विविध

८. **बाधा अड्काउ फुकाउने अधिकारी** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

९. **संशोधन** : यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

आज्ञाले
रेमोण्ड थापा मगर
प्रमुख प्रशासकीय अधिकृत